# संयुक्त प्रेस विज्ञप्ति

नेपाल सरकार,
प्रधानमन्त्री तथा
मन्त्रिपरिषद्को कार्यालय

मानवअधिकार उच्चायुक्तको
कार्यालय, नेपाल

२०६६ मङ्सिर १०

---

## प्रधानमन्त्रीको कार्यालय तथा उच्चायुक्तको कार्यालयद्वारा महिलाविरुद्धको हिंसाबारे जनचेतना जगाउने सञ्चार कार्यक्रम संयुक्त रूपमा प्रारम्भ

काठमाडौं, मङ्सिर १०

प्रधानमन्त्रीको कार्यालय तथा संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय (उच्चायुक्तको कार्यालय)ले महिलाविरुद्धको हिंसा उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय दिवसका अवसरमा टुनामुना (बोक्सी विद्या) गर्ने गरेको आरोप लागेका महिलाविरुद्धको हिंसाबारे प्रकाश पारिएको एक मिनेटको टेलिभिजन दृश्य संयुक्त रूपमा प्रारम्भ गरेका छन्। यो नेपालमा महिलाविरुद्ध हुने सर्वाधिक खराब हिंसाहरूमध्ये एक हो।

टुनामुना गर्ने गरेको भनी आरोप लागेका ठूलो सङ्ख्याका महिलाहरूलाई अधिकांशतः तराईमा यातना दिने, अभद्र व्यवहार गर्ने, पाशविक रूपमा कुट्ने तथा मानव मलमूत्र खान बाध्य पार्ने गरिएको छ। अन्धविश्वास तथा विशेषगरी विधवाहरूविरुद्धको भेदभावकारी प्रचलनमा गहिरोसँग जरा हालेर बसेको बोक्सीप्रथाभित्र रहेको महिलाविरुद्धको हिंसा घोर मानवअधिकार उल्लङ्घन हो। यो राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवअधिकार कानुनअन्तर्गत दण्डनीय अपराध हो।

सो टेलिभिजन दृश्य नेपाल टेलिभिजनबाट आज साँझदेखि एक महिनासम्म प्रसारण गरिनेछ।

**For further information contact Samuna Aryal, VAW Unit, Office of the Prime Minister (phone: 9841-552352, aryalsumana@hotmail.com)
or Chun B. Gurung, OHCHR tel: 4280164,
Ext 320; 98510 16937 (mobile), cgurung@ohchr.org OHCHR
Website: http://nepal.ohchr.org**